सिद्धयोगी गलेश्वर बाबा

(ईश्वरानन्द ब्रह्मचारी) को

स्मृति शतक

पं. श्री आनन्दप्रसाद नेपाल

देवघाट गाउँपालिका ५, तनहूँ

नव निर्माणधीन वेद वेदाङ्ग गुरूकूल

ॐ

धर्मो रक्षति रक्षित :

सिद्धयोगी गलेश्वर बाबा

(ईश्वरानन्द बह्मचारी)को

स्मृति शतक



गलेश्वर आश्रमको प्रकाशन अन्तर्गत

लेखक :

पं. श्री आनन्दप्रसाद नेपाल

पुस्तकको नाम	:	**स्मृति शतक**
लेखक/कवि	:	पं. श्री आनन्दप्रसाद नेपाल
प्रकाशिका	:	श्री राधा कुँवर
दोस्रो संस्करण	:	२०७६ चैत्र
सर्वाधिकार	:	लेखकमा
मूल्य	:	रु. १००/-
संस्थागत मूल्य	:	रु. २००/-
मुद्रक	:	कालिका छापाखाना, नारायणगढ, चितवन ०५६-५७०११४, ५७१५४२
आवरण सेटिङ्ग	:	मदन सेन्चुरी
प्रति	:	पाँच सय
प्राप्ति स्थान	:	देवघाट ५, तनहूँ
कप्युटर टाइप	:	केशव ज्ञवाली जगदीश प्याकुरेल

आशीर्वचन

चौबीस पटक गायत्री पुरश्चरण गरी सिद्धि प्राप्त गर्नुभएका अष्टाङ्ग योगसिद्ध ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा) को जीवन वृत्तान्तसहितको स्मृति शतक यसै विद्यालयका अध्यापक आनन्दप्रसाद नेपालले लेख्नु भएको रहेछ । सिद्ध महापुरुषहरू समाजमा आफ्नो परिचय देखाउन चाहदैनन् । उनीहरू योग साधनामा तल्लीन रहेका हुन्छन् । आश्रमको अभिलेख एवं अन्य स्रोत सामग्रीहरूका सहयोगका आधारमा बाबाको सम्पूर्ण जीवनी समेटिएको यो दोस्रो संस्करण कृति पढेपछि सबै जिज्ञासु भक्तहरूले बाबाको विषयमा रहेका सबै जिज्ञासाहरू यस स्मृति ग्रन्थका माध्यमबाट समाधान गर्नेछन् भन्ने आशा लिएको छु। पुस्तक प्रकाशिका श्री राधा कुँवरलाई मुरीमुरी धन्यवाद दिदै यस्ता अन्य कृतिहरू भविष्यमा पनि लेख्ने प्रेरणा शिवले प्रदान गरून् भनी लेखकमा आशीर्वाद प्रदान गर्दछु ।

श्रोत्रिय ब्रह्मनिष्ठ महामण्डलेश्वर

अनन्त श्री विभूषित स्वामी आत्मानन्द गिरिजी महाराज

अध्यक्ष

गलेश्वर आश्रम

प्रकाशिका

श्री राधा कुँवर
हाल देवघाट गाउँपालिका-५
गलेश्वर आश्रम कल्पबास

शुभकामना

अष्टाङ्गयोग सिद्ध परमयोगी, गायत्रीका उपासक, वेदोपदिष्ट धर्मका परिपोशक गलेश्वर बाबा नामले प्रसिद्ध ईश्वरानद ब्रह्मचारी योगीवर देवघाट क्षेत्रको मात्र नभई नेपालकै योगविभूति हुनुहुन्थ्यो। तीर्थीकुर्वन्ति तीथानि स्वान्तःस्थेन गदाभृता "यस उक्ति अनुसार तीर्थलाई पनि तीर्थ बनाईदिने योगशक्ति सम्पन्न गलेश्वर बाबाको विषयमा केही चर्चा र केही लेखन कार्यादि गर्दा चित्तशुद्धि हुन्छ। पं. श्री आनन्द प्रसाद नेपालले परिमार्जन सहित दोस्रो संस्करण प्रकाशनार्थ सङ्कल्प गरेको स्मृति शतक पुस्तक प्रति शुभकामना व्यक्त गर्दछु।

स्वामी ज्ञानानन्द सरस्वती
अध्यक्ष
श्री हरिहर संन्यास-आश्रम देवघाटधाम,
तनहुँ

आशीर्वचन

श्री सिद्ध योगी गलेश्वर बाबाको विषयमा लेखिएको यो स्मृति काव्य पढ्ने अवसर प्राप्त भयो, यस्ता सिद्ध परमार्थ रुप महात्माहरुको विषयमा लेख, रचनाहरु कमै मात्र पढ्न पाइन्छ किनभने जसलाई संसारकै लोकैषणाले स्पर्श गर्दैन यस्ता महात्माको प्रसिद्धि उति धेरै हुदैन, हाम्रा आदरणीय गुरु श्री आनन्द प्रसाद नेपाल ज्यूले गायत्रीसिद्ध ब्रह्मलीन महात्माको विषयमा आफ्नो लेखनी चलाएर जन सामन्यलाई ईश्वरानन्द श्री गलेश्वर बाबाको परिचय प्रदान गर्नु भएकोमा वहाको यो प्रयास स्तुत्य छ ।

अद्वैतानन्द स्वामी
उपाध्यक्ष
गलेश्वर आश्रम, देवघाटधाम

शुभेच्छा

नेपाल एउटा गूढ रहस्यले परिपूर्ण अध्यात्मिक साधनाभूमि हो । यहाँको सर्वोच्च शिखर सगरमाथा र प्रकृतिको अनुपम दृश्य स्थूल दृष्टिले पनि देख्न सकिन्छ तर त्यसभन्दा उँचो र विशाल वैशिष्ट्य वर्णनातीत छ, केवल अनुभवगम्य छ । त्यो यस नेपालको वास्तविक स्वरुप हो । यहाँ देवताहरू रमाउँथे र ऋषिमुनिहरूले साधना गर्थे । किनभने एकमात्र यो भूमि साधनाको लागि उपयुक्त भूमि हो । यहाँका नदीमा पानी होइन अमृत बग्छ । यहाँका शिला ढुङ्गा होइनन् शालग्राम हुन् । जहाँ देवताको निवास हुन्छ । यहाँका वृक्षहरू जड रूख होइनन् देवत्वको निवास भएका वस्तुहरू हुन् । यो यस भूमिको विशेषता नै हो ।

यहाँ समय समयमा विशिष्ट विभूतिको रूपमा अथवा महापुरुषको रूपमा ईश्वरको अवतरण हुन्छ । ती महापुरुषहरूले सिद्धि प्राप्त गरेर आफ्नो जीवन सफल र सार्थक बनाएका हुन्छन् र अन्य सर्वसाधारण व्यक्तिलाई पनि सन्मार्ग प्रदर्शन गर्छन् । जीवन र जगत्को यथार्थबोध गराउँछन् । अनि आफुजस्तै सिद्ध बनाउँछन् ।

यस्तै महापुरुष मध्येका एक हुनुहुन्थ्यो सिद्ध योगी ईश्वरानन्द ब्रह्मचारी । उहाँको जीवन एउटा आश्चर्यमय र साधनामय थियो । सर्वसाधारण व्यक्तिलाई उपदेश दिँदा उहाँले हातमा काम र मुखमा राम भन्नुहुन्थ्यो । यो उहाँले सिकाएको समग्र जीवन दर्शन हो भन्ने मलाई लाग्छ । गीताको कर्मण्येवाधिकारस्ते भन्ने यसैभित्र अटाउँछ ।

यस्ता कैयौं साधनारत सिद्धहरू नेपाल आमाको सत्पुत्रको रूपमा यहाँ आए । आज पनि आउँदैछन् र पछि पनि आउलान् । सिद्ध सन्तलाई जान्न कठिन छ र उहाँहरूको सदुपदेशलाई आत्मसाथ गर्न भ्नन् कठिन छ । किनभने सन्तहरूले भनेर कम गरेर बढी उपदेश दिइरहेका हुन्छन् ।

यस सन्दर्भमा देवघाटमा रही सारस्वत साधना गरिरहनुभएका पं. आनन्दप्रसाद नेपालले सिद्धयोगी गलेश्वर बाबाको स्मृतिमा शतश्लोकी काव्यको रचना गर्नुभएको देख्दा ज्यादै खुसी लागेको छ । यस काव्यबाट गलेश्वरबाबालाई बुझ्न र उहाँबाट सत्प्रेरणा प्राप्त गर्न सहज हुनेछ भन्ने कुरामा म विश्वस्त छु । अन्त्यमा कविको लेखनी यस्तै सत्कार्यमा लागि रहोस् र अझै परिष्कृत बन्दै जाओस् भन्ने शुभेच्छा सहित यो स्मृतिशतकको पुनः प्रकाशनको अवसरमा सम्बद्ध सबैमा हार्दिक शुभकामना अर्पण गर्दछु ।

डा. गुरूप्रसाद सुवेदी
प्राचार्य, महेश संस्कृत विद्यापीठ
देवघाटधाम तनहूँ

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
देवघाट क्षेत्र विकास समिति
फोन: ०५६-५००००१, ५००००२
Website : www.devghat.org.np

प. स.०८६/०८६
च. नं. ४७६

मिति: २०७६।१२।०१

शुभकामना ।

देवघाट गाउँपालिका वडा नं. ५ मा वसोवास गर्नुहुने श्री आनन्द प्रसाद नेपालले सिद्धयोगी गलेश्वर बाबाको स्मृति शतक नामक पुस्तिकाको दोस्रो संस्करण प्रकाशन गर्ने तरखरमा जुट्नु भएकोमा खुशी लागेको छ। नेपालको झण्डै मध्य भागमा अवस्थित पावनभूमि देवघाटधाम सनातन संस्कृति र यसका अनुयायीहरूको आस्था केन्द्रका रूपमा विकसित हुँदै गएको छ। यसको ऐतिहासिक, पौराणिक, धार्मिक एवम् सांस्कृतिक महत्वका कारण यो क्षेत्र राजा देखि रङ्क सम्मका मानिसहरूको आकर्षणको केन्द्र बन्दै गएको कुरा सबैका सामु विदितै छ। यसै क्रममा ताप्लेजुङमा जन्मनु भएका इश्वरानन्द ब्रह्मचारीले तीर्थको महिमालाई आत्मसात् गरी यसै स्थानमा ध्यान, तपस्या गर्नु भएका बाबाको बारेमा चित्रण गर्नका लागि यो स्मृति शतक प्रकाशन हुन लागेको छ। स्मृति शतकको प्रारम्भिक अंकले यस क्षेत्रको प्रकृति, संस्कृति र बाबाका बारे सबैमा परिचयात्मक सूचना सन्देश पुऱ्याउने जमर्को गरेको छ। प्रारम्भमा म्याग्दीको गलेश्वरमा ध्यान साधनामा रहनु भएका बाबा जीवनको उत्तरार्धमा देवघाटधाममा आई वस्नुभएको र जीवनको शतक वढी पार गरी यहीं नै उहाँ समाधिस्थ हुनुभएको थियो। त्यस्ता ज्ञान, ध्यान र साधनाका प्रतिमूर्ति त्यागी पुरुषहरूको खोजी गर्नु, समाज र संस्कृतिको संरक्षण, निर्माण र विकासमा योगदान गर्ने सत्पात्रको जीवनी बारे कलम चलाउनु पनि सत्कर्म नै हो। जुन काम आनन्दजीले गर्नुभएको छ। अन्त्यमा लेखक र प्रकाशकहरूको यस प्रयासले देवघाटधामको संरक्षण, प्रचार प्रसार र विकासमा योगदान पुग्ने विश्वास लिएको छु। परिस्कृत संस्करण चाँडै जनमानसमा आउन सकोस् हार्दिक सुभेच्छा व्यक्त गर्दछु।

शिवराज पौडेल
अध्यक्ष
देवघाट क्षेत्र विकास समिति

शुभकामना

देवघाट गलेश्वर आश्रममा संस्कृतको प्रारम्भ गरी महेश संस्कृत गुरूकुलबाट उच्चदीक्षा हासिल गरी गलेश्वर बाबाले स्थापना गर्नुभएको विद्यालयमा प्राचार्यको रुपमा कार्यरत रही समग्र संस्कृत वाङ्मयमा योगदान गर्नुहुने मेरा मित्र आनन्दप्रसाद नेपालले सिद्ध महायोगी अद्भुत अलौकिक सिद्धि साधना गर्नुभएका महापुरूष गलेश्वर बाबाको जन्म शिक्षा योग ध्यान तपस्या सम्पूर्णलाई समेटेर शार्दूलविक्रीडित छन्दमा स्मृति शतक नामक पुस्तक प्रकाशन गर्न लाग्नुभएको खबर सुन्दा हर्षित भएको छु । सो पुस्तक प्रकाशन भइसकेपछि हामी जस्ता हजारौँ व्यक्तिहरुले बाबाको विषयमा जान्न र बुझ्न सक्ने गरी पद्यमा प्रकाशन गर्न लाग्नुभएकोमा लेखक प्रति हार्दिक आभार व्यक्त गर्दै पूर्ण सफलताको कामना गर्दछु ।

टंकनाथ पौडेल

शुभकामना

अष्टाङ्ग योगसिद्ध ईश्वरानन्द ब्रह्मचारी गलेश्वर बाबा देवघाटधामको मात्र नभई नेपालकै सुप्रसिद्ध मूर्धन्य व्यक्तित्व हुनुहुन्छ। हामी नेपालीको लागि आस्थाका केन्द्र हुनु हुन्छ। देवघाट र गलेश्वर आश्रम एक अर्कामा पर्याय बन्नुमा आजको समृद्ध देवघाट बन्नुमा तपस्वी गलेश्वर बाबाकै त्याग र तपस्या हो। यस्ता महापुरुषको बारेमा कलम चलाई बाबाको सम्पूर्ण जीवनी आज सम्म कसैले प्रकाशमा ल्याउन नसकेको अवस्थामा पं.श्री आनन्दप्रसाद नेपालले लघुकाव्य मार्फत जीवनी लेख्नु अत्यन्तै प्रशंशनीय कार्य हो। यस स्मृति शतक अध्ययनबाट बाबाको बारेमा जानकारी लिन सहज हुने विश्वास राख्दै अन्त्यमा लेखक कविज्यूको सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

भवानीप्रसाद तिमसिना
अध्यक्ष
मुकुन्देश्वर महादेव चक्रवर्ती मन्दिर
देवघाट ५, तनहुँ

सम्मति

यस धर्तीमा प्रतिदिन हजारौँ मानिसहरू जन्मन्छन् तर त्यसमध्येमा सिद्ध महापुरुषहरू एक युगमा जन्मन्छन् र समाज अनि राष्ट्रलाई सन्मार्गमा हिँड्ने प्रेरणा प्रदान गर्दछन् । राष्ट्रदेव पशुपतिनाथको पावन भूमि हाम्रो देशमा पनि सिद्ध महापुरुषहरूको जन्म भएको छ। तीमध्ये एक हुनुहुन्छ अष्टाङ्ग योग सिद्ध ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा) । गायत्री साधनामा नै तल्लीन रहनुहुने र धर्म संस्कृतिको जगेर्ना गर्न अहोरात्र खटिनुभएका सिद्धपुरुष बाबाले कृष्णागण्डकी र शुक्लागण्डकीको संगमस्थल देवघाटलाई राष्ट्रव्यापी र विश्वव्यापीरूपमा परिचित गराउनमा महत्त्वपूर्ण योगदान दिनुभएको छ । देवघाटमा आगन्तुक तीर्थयात्रीहरूका लागि आश्रम र धर्म संस्कृतिको उत्थान र वेदको प्रचार प्रसार गर्नका लागि गुरुकुलको स्थापना गरी निःशुल्क शिक्षा, स्वास्थ्य र अन्नक्षेत्रको जुन लक्ष्य बाबाले राख्नुभएको थियो, ती सबै वर्तमान पीठाधीश अनन्त श्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको सत्सङ्कल्प र प्रयासबाट पूरा भएका छन् । त्यस्ता सिद्ध महापुरुषको सम्पूर्ण वृत्तान्त समेटिएको शतश्लोकी कृति यसै विद्यालयका पूर्व प्राचार्य आदरणीय गुरु श्री आनन्द नेपालज्यूले लेख्नुभएको देख्दा म लगायत सम्पूर्ण विद्यालय परिवार अत्यन्त हर्षित भएका छौँ । लेखन कार्यमा सिद्धेश्वर महादेवबाट अझ बढी अनुकम्पा प्राप्त भईरहोस् भन्ने अभिलाषा राख्दै दोस्रो संस्करणको लागि धन्यवादसहित शुभकामना टक्र्याउछु । हरि ॐ ॥

-वे.वे.वि.प्राचार्यः कृष्णहरि घिमिरे

लेखकको भनाइ

मैले यो शतश्लोकी स्मृति काव्य श्री गलेश्वर बाबाको जीवनीमा आधारित भएर लेखी सर्वसाधारणमा जानकारी हवस भन्ने उद्देश्यले प्रकाशित गरेको छु । आशा छ यसबाट सिद्धयोगी बाबाको आद्योपान्त जानकारी गर्न सहज हुनेछ। यो पुस्तक प्रकाशन गर्न तन, मन र धनले सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुमा हृदयतः आभार प्रकट गर्दछु।

मुरली प्रसाद नेपाल
लेखकको बुबा

ॐ

सद्रूप अनि चिद्रूप आनन्द रूप कृष्णमा ।
काव्य आरम्भमा गर्छु सभक्ति पादवन्दना ॥

झर्ना सुन्दर फाँट छन् विपिन छन् सौन्दर्य यो प्राकृत ।
खोला छङ्छङ बग्दछन् सब नदी सुस्काउदै कल्कल ॥
कोईली स्वर गुन्जिदा पथिकले सुन्थे कसी आसन ।
डाँफे धेर मुनाल छन् मुजुर ती नाच्छन् चहारी बन ॥१॥

टल्क्यो उत्तरका हिमाल लहरी चाँदी थुपारेसरी ।
होचा पर्वत कन्दराबिच बसे योगी तपस्वी कति ॥
चम्कन्छन् किरणावली वरिपरी लाली चढेझैं तर ।
देखिन्थ्यो सुरलोक हो कि अथवा त्यो मर्त्यको मण्डल ॥२॥

ब्रह्मा विश्वकला रचाउन जुटे नेपाल यो देशमा ।
राम्रो संरचना बनाउनुभयो दोम्रो थियो कल्पना ॥
मेची पूर्व सुदूरपश्चिम जहाँ सम्पूर्णताले भरी ।
नेपाली सब जन्मियौं सुकृतले छौं भाग्यमानी अति ॥३॥

पुण्यात्मा मुनि साधना गरिरहे सप्तर्षि गर्थे तप ।
सीता गौतम बुद्धको र भृकुटी तेन्जीङको यो स्थल ॥
ठूला साधकले सुशोभित भयो नेपालको गौरव ।
सारा विश्व जताततै छ यसको सौहार्दको सौरभ ॥४॥

यस्तै सिद्ध कर्यौं जुटे प्रकृतिमा भूर्लोक नेपालमा ।
उन्नाईस सये चउन्नतिरमा जन्मे तपस्वी जहाँ ॥
त्यो पूर्वाञ्चल दोखु गाउँ भनिने ताप्लेजुङै हो घर ।
भारद्वाज- मुनीन्द्र- वंशज थिए मेची थियो अञ्चल ॥५॥

बाँस्बोटे हरिलालका सुत थिए ज्ञानी निरौला थर ।
मन्माया जननी थिइन् समयले संयोग हो आखिर ॥
शुक्लद्वादश(शी)मास फाल्गुन थियो चल्थ्यो सिरेटो चिसो ।
टाढैबाट वसन्तले प्रकृतिमा वान्की नयाँ भर्दियो ॥६॥

ज्ञानको अन्त्य कहिल्यै पनि हुँदैन, सिक्नको लागि अलिकति भए पनि कहीँ न काहाँ बाँकी रहेकै हुन्छ । - गौतम बुद्ध

यो आकाश सफा थियो समरमा सेतो तुषारो कति ।
ती विद्याधर गर्दथे कुसुमको वर्षा भनेझैं अति ॥
गुञ्जिन्थ्यो स्वर बाँसुरी विपिनमा मान्थे झझल्को सब ।
छम्छम् पाउजुझैं सुनिन्छ नभमा हुन् अप्सरा के अब ?॥७॥

तातो न्यानु छ घाम ताप्न लहरै प्राणी बसे संसगै ।
कस्तो यो दिन भन्दथे छ सुखको वर्षा गरेझैं अझै ॥
जन्मे वा मुनि सन्त यो सुदिनमा यस्तै अनेकौं थरि ।
वार्तालाप गरेर मानवहरू बस्थे त्यहीं दिन्भरि ॥८॥

क्वैलीको सुरतालमा कुहुकुहू कस्तो सुरीलो स्वर ।
न्याऊली पनि गाउँछे प्रमदले संगीत भर्छे अझ॥
सारा वृक्ष भएछ पल्लवित यो छोटा मुना साथमा ।
देखिन्थ्यो परबाट सुन्दर छटा संभावनाले यहाँ ॥९॥

धर्ती उर्वर सूर्यको किरणले सस्यादि फैले कति ।
पग्ले ती हिमटाकुरा बरफका सङ्लो छ पानी जति ॥
हुस्सू नै गिरि फाँटबाट अहिले भाग्दै गए थे पर ।
बन्छन् शान्त दिशा सुरम्य दिनमा भो जन्मको उत्सव ॥१०॥

जन्मे जेष्ठ सुपुत्र वंशमणि हुन् भन्थे खुसीले सब ।
ती दैवज्ञ जुटे चिना टिपणको गर्थे बसी छल्फल ॥
छोराको यदुनाथ नाम हुन गो ज्ञानी हुनेछन् पछि ।
राख्नेछन् कुलकीर्ति योगबलले ती दङ्ग पर्थे कति ॥११॥

आमा बाबु थिए प्रसन्न शिशुको सेवा गरी पोषण ।
गर्थे प्रेम लिएर काखबिचमा हर्षाश्रुको पातन ॥
सम्झन्छन् अधिका चिना विषयका पाल्नेछ यै पुत्रले ।
चम्कन्छन् नभ चन्द्रझैं त कुलमा साकार भो जन्मले ॥१२॥

छोरा चन्द्रकला बढेसरि अहो! बढ्दै गए सुन्दर ।
ज्यादै योग्य सुयोग्य हेर चतुरा भन्थे छिमेकी जब ॥
हुर्के बालक आठ वर्ष अहिले बुझ्ने भएछन् भनी ।
सारोले व्रतबन्ध गर्नु अब ता भन्थे खुसीले पनि ॥१३॥

राम्रो लग्न जुराइयो सब मिली निर्माण भो यज्ञको ।
चूडा औ व्रतबन्ध भो नियमले अत्यन्त नै भव्यको ॥
गायत्री गुरुबाट प्राप्त हुनगो पीताम्बरी लाउँदा ।
साँच्चै वामन हुन् कि भिक्षु जसरी भिक्षा लिनै आउदा ॥१४॥

दुर्गा सप्तशती पढेर पहिले रुद्री सबै पढ्नुभो ।
शिक्षा प्राथमिकै पितासँग बसी शौचादि जो बुझ्नुभो ॥
सत्यासत्य विवेकले विषयको भोगादि छोड्ने मन ।
गाईको दिनरात पालन गरी पूज्ने यही गोधन ॥१५॥

टोड्केमा पनि गोठ हेर नजिकै पाथीभरा माइको ।
गुप्ते ठाउँ थियो उतै इयरपोर्ट् सँगै ठुलो गाउँको ॥
पानी घाँस सबै दिएर गुरुले श्रद्धा गरी ढोग्नुभो ।
माता लक्ष्य म पूर्ण गर्न त सकूँ भन्दै कता लाग्नुभो ॥१६॥

गोमाता पनि अश्रुपात गरथे को ख्वाउला प्रेमले ।
बाँच्दैनौ अब टन्न के उदर यो होला र के घाँसले ॥
टोक्दा डाँस धपाउँथे वरिपरी कन्याउँदै ढाडमा ।
आमाको नजिकै बसेर जहिले बोलाउँथे प्रातमा ॥१७॥

पोको सानु छ काँधमा लुरुलुरू झर्दै थिए तल्तिर ।
फर्की नेत्र घुमाइ विस्मित हुँदै फर्के हुदो मास्तिर ॥
आशाको पनि लेश छैन अबता योगी विलाए पर ।
बाँ बाँ बाँ अनि गर्जना गरिबसे गाई रुँदै धर्धर ॥१८॥

पढ्ने लक्ष्य थियो अनन्त दिलमा रुद्री लिँदै पुस्तक ।
हिड्दै ती निज साधना अब गरौं आफ्नो सदिच्छाकन ॥
छोरो छैन हिँडे कता विषमता भन्थे सबै दर्शक ।
आमा बाबु ! नछोड मातृममता भन्थिन् रुँदै व्यापक ॥१९॥

हेर्दा बादल कालिमा गगनमा सिम्-सिम् झरी थ्यो जब ।
हावाले वन वाटिका लहर ती मर्काउँदै थे सब ॥
न्याऊली पनि दिक्क थी वचनले घोक्रो सुकेझैं गरी ।
प्राणी स्तब्ध थिए रुँदै प्रकृतिमा आयो अर्धेरी घडी ॥२०॥

के भो आज भनेर नेत्र रसिलो पार्दै नियाल्दै पर ।
आश्चर्यान्वित वन्यजन्तु सबमा भो खेद बाधा जब ॥
ताप्लेजुङ्ग छ शोकमा विरहले जो वेदनाले गरी ।
योगीमा वसुधैव भाव भरियो हिँड्थे नबोली अघि ॥२१॥

थ्यो पच्चीस उमेर वर्षतिरको छोडेर आफ्नो घर ।
जानूभो हरिद्वार धार्मिक धरा भागीरथीको तट ॥
सारा वेद पुराण ग्रन्थहरू ती गीता महाभारत ।
श्रद्धाले सब पढ्नुभो नियमले अध्यात्ममा तन्मय ॥२२॥

योगी सन्त महन्तको परिधिमा सत्संगको छालमा ।
सच्चा मानव धर्मको विषयमा औदार्यको पक्षमा ॥
रोगी दीन गरीब मोचनविषे संस्कार आचारमा ।
के हो गर्नु मनुष्यले जगतमा त्यो जान्नुभो सारमा ॥२३॥

काशी उत्तर भागमा त गुरुले बस्ने सदिच्छा गरी ।
योगी रूप बनेर साधन अहो गर्दै बिते छन् कति ॥
गङ्गोत्री यमुनोत्र(त्री) कन्दरविषे ठूलो तपस्या गरी ।
धेरै काल रहेर फर्कनुभयो नेपाल बस्ने गरी ॥२४॥

जन्मेँ देश यहीँ उमेर शिशुको फक्र्यो जवानी सब ।
फेरेँ श्वास हिमाद्रि शीतल पिएँ पानी मिठो निर्मल ॥
आमाको प्रिय काखमा कति बसेँ हेर्थिन् भविष्यै कति ।
गाईको दुध खाइ तिर्न ऋणको कर्तव्य बाँकी छ कि ? ॥२५॥

आशा को कति राख्दथे ? गरू म के ? दायित्व मेरो छ के ? ।
हाम्रो संस्कृति धर्म रक्षण हुने मैले गरे हुन्न के ? ॥
यो वेद स्मृति प्राण हो मनुजको संस्थापना हुन्न के ।
के के मात्र हुँदैन ? लक्ष्य छ भने लागे विना हुन्छ के ?॥२६॥

साक्षी ईश्वरले मभित्र किन हो यो भावना भर्दियो ।
आजै सक्दिनँ साधना अब गरौँ अष्टाङ्गको योगको ॥
त्यो वाग्द्वार हिँडेर नै शिवपुरी गोकर्णभन्दा पर ।
बग्थिन् उत्तरवाहिनी सुसलिला योगी बसे सत्त्वर ॥२७॥

सन्ध्या नित्य छ ब्रह्मकर्म दिनहूँ कस्थे सुसिद्धासन ।
योगारूढ छ कन्दमूल जलको आहार मध्याह्नमा ॥
धोती कम्मर मेखला छ शिरमा हेर्दा त्रिपुण्डी मुनि ।
चिम्टा थ्यो सँगमा खराउ पदमा बस्थे जगाई धुनी ॥२८॥

बाह्रै वत्सर साधना जब भयो फर्केर जाऊँ अब ।
इच्छा भो अब देवघाट म बसूँ भन्ने सदिच्छा जब ॥
वेणी संगममाथि कुञ्ज वनको एकान्तमा बस्नुभो ।
बोटे नन्दु थिए रचेर कुटिया आनन्दले बस्नुभो ॥२९॥

बस्दै बाह्र शरद् बितेपछि उहाँ म्याग्दी ठुलो धाममा ।
कालीको तट भागमा हृदयले योगी बनी साधना ॥
अग्लो पर्वतको गुफा अब उहीं बाबा निकै बस्नुभो ।
आफ्नो लक्ष्य र साधना सब गरी बाटो हिँडीराख्नुभो ॥३०॥

अग्लो उत्तर भागमा जब बढे फर्केर जाऊ तिमी ।
वाणीले सब रोदसी ध्वनित भो को बोल्छ अर्को भनी ॥
चारैतर्फ घुमे न छन् विजनमा प्राणी कुनै बस्दछन् ।
साक्षी हुन् परमेश्वर प्रभु भनी फर्के छिटै मस्त झन् ॥३१॥

फर्के त्यै स्थलमा बसे दिनहरू बित्दै गएछन् कति ।
बाबा सोच्नुभयो म घुम्छु अहिले तीर्थादि सारा जति ॥
नर्जाको कविलासमा भगवती वाग्लुङ् र प्यूठानको ।
स्वर्गद्वार बसेर योग तपको अभ्यास नै गर्नुभो ॥३२॥

विश्वामित्र त पोखरा नजिकमा हिप्ले घनारण्यमा ।
जाँदा योग समाधिमा विजनमा देखे जटाजूटमा ॥
बाबा हुन् तपसी बसे किन यहाँ जन्मे कहाँ ? के थर ।
एकाकी वनवास कारण थियो के ? लक्ष्य हो आखिर ॥३३॥

बस्दा आश्रम नै बनेछ पछिता देख्नेहरू भन्दछन् ।
स्याङ्जामा पनि जानुभो भ्रमणमा चण्डीश्वरी माइ छन् ॥
चातुर्मास्य बसाइँ भो सुखद नै भन्छन् सबै सज्जन ।
अर्ती ज्ञान फिजाइयो समयले दुर्भावको भञ्जन ॥३४॥

१०. ज्ञानको अन्तिम लक्ष्य चरित्र निर्माण हुनुपर्दछ ।
- महात्मा गान्धी

गोस्वामी शिवतालमा चरणले हिँड्दै त्रिवेणी पनि ।
श्रद्धाले पछि मुक्तिनाथ सजिलै कैलाश पुग्दा अनि ॥
चातुर्मास्य सुसाधना जप गरी राम्रो अनुष्ठान भो ।
कोटीहोम त गर्नुभो तपसले ठूलो नुवाकोटको ॥३५॥

योगीको जब पश्चिमाञ्चल थियो त्यो साधनाको स्थल ।
जन्मेको स्थल हेर पूर्व कति हो टाढा छ पूर्वाञ्चल ॥
हक्की प्रश्न गरून् त उत्तर छिटो भन्थे विचारीकन ।
ज्यादै साधु दयालु भित्र मनका जान्थे र ढोग्थे जन ॥३६॥

म्याग्दी तीर्थ बसेर गर्नु जप नै सत्शास्त्रको पालन ।
गर्ने भक्त भए अनेक हितका गीतादिको वर्णन ॥
टाढाबाट हिँडेर कष्टसँगले बस्ने सबै सज्जन ।
ती अभ्यागत देवतुल्य छ भनी सम्मान गर्ने मन ॥३७॥

आए क्वै दिन भक्त भेट्न गुरुका राती बसेछन् कति ।
आफ्नो सेवकसँग भोजन छिटो ख्वाऊ मीठो जेजति ॥
चेलो चामल छैन आज गुरुजी सब्जी सबै सिद्धियो ।
के ख्वाऊँ? अब बाबु हेर गुरुले भन्दा गएछन् छिटो ॥३८॥

भान्सा टन्न थियो अनेक थरिका सब्जी र आलू जब ।
काँक्रो नून घिराउँलो रहरको थ्यो दाल पीठो तब ॥
जीरा औ धनियाँ चिनी र मसला थुप्रो थियो सागको ।
भान्छामा भरि काउली र अदुवा चेलो अझै दङ्ग भो ॥३९॥

बारम्बार पछाडि भेट्न मनले आए दही दूध ली।
अर्पे ती पदमा प्रसन्न जति थे सौभाग्यशाली कति ॥
केरा घ्यू अनि सुन्तला नजिकमा सुम्पी बसेथे जब ।
पत्नी हर्षित छैन खान्न अहिले लैजाउ आफ्नो घर ॥४०॥

हुन् ज्ञाता बुझ ती त्रिकाल तपको अष्टाङ्गका पारखी ॥
साराको मन भावना वदनले जान्ने स्वयं सन्तजी ॥
दोषी हो गुणयुक्त हो असल हो के कामले त्यो यहाँ ।
आयो भन्नु छ के अगाडि कति हो अर्थ्याउने भक्तमा ॥४१॥

योगी सन्त दयालु साधु कति हुन् अध्यात्मका साधक ।
आफैँबाट बुझाउने मन गरी सत्कर्म गर्ने सब ॥
"सारा विश्व बनाउने मन भए आफैँ बने पुग्दछ ।"
यै उद्गार भनी सिकाउनुहुने बाबासरी को छ र ? ॥४२॥

थोरै बोल र काम टन्न गर है भन्ने सबै भक्तमा ।
छोटो उत्तर प्रेमकै वचनले दिन्थे खुसी भावमा ॥
अर्काको उपकार सार नरको निःस्वार्थ गर्छन् जब ।
आफ्नो धन्य छ जन्म सृष्टि बिचमा औदार्य हो वैभव ॥४३॥

म्याग्दीबाट उठेर फेरि गुरुजी अर्को तपस्यास्थली ।
खोज्दै संगम देवघाटबिचमा बस्ने छु फर्की भनी ॥
झट्टै आउनु भो हजार दुइको बीस्सालमा भन्दछन् ।
योगीको पछि देहपातन भयो बत्तीसमा भन्दछन् ॥४४॥

झाडी जङ्गल हेर कुञ्ज लहरा ठूला घना वृक्षको ।
काँडा पत्कर छिर्न नै नसकिने बस्ती थियो जन्तुको ॥
बोटेको सहयोगमा वरिपरी फाँडेर बस्ने कुटी ।
भो निर्माण सबै जुटेर खरको छाप्रो बनाई धुनी ॥४५॥

चारैतर्फ सुरम्य भो कति सफा नौलो नयाँ काठको ।
पानी घाम र वायुको असरले भत्कन्न भन्ने भयो ॥
त्यस्तो सुन्दर पाहुना घर थियो दोस्रो तला थ्यो अनि ।
॥ राख्थे धान कुटेर चामल सबै ठूलो भकारी बुनी ॥४६॥

ज्योतिर्लिङ्ग छ शम्भुको स्वरुप हो पूजेर पाञ्चायन ।
प्रातःकाल र बेलुका नियमले त्यो आरती दर्शन ॥
बाबाले सब गर्नुभो समयमा राम्रो व्यवस्थापना ।
साक्षात् शंकर रूप हुन् मनुजको हो भक्तिको भावना ॥४७॥

पैले सागर मथ्न दैत्य सुरले सङ्घर्ष ठूलो गरे ।
निक्ल्यो आखिर सिन्धुबाट अमृतै ज्यादै खुसी ती भए ॥
आफ्नो स्वार्थ बुझेर दैत्य घट नै बोकेर भागे जब ।
हाहाकार परेर देवगण ती दौडे त खोस्नै तब ॥४८॥

धर्तीबाट उडेर ती गगनमा टाढा गएछन् जब ।
उड्दै देव सबै समाउँछु भनी घेरा बनाए तब ॥
झ्याप्पै हात समाइ तान्छु म भनी खोस्दा ढलेथ्यो जब ।
थोपा ढुन्मुनिदै खसेछ जगको द्यौघाटमा नै अब ॥४९॥

ती शोकाकुल इन्द्र नै अब गरौं के हुन्छ होला भनी ।
सम्झे शङ्करमात्र भित्र मनले कैलाश लागे अनि ॥
न्वाए मानस तालमा पर पुगे हेर्दै उभो श्रृङ्गमा ।
देखे दम्पति पार्वती शिवसँगै एकान्त आरामा ॥५०॥

चम्चम् चम्किरहेछ श्रृङ्ग हिमको सेता सफा काँठमा ।
झर्नाझैं शिव माथबाट सलिला मन्दाकिनी भेलमा ॥
बग्दैछिन् जब सूर्यको किरणले आभा थपी प्रातमा ।
ढोगे दण्डसमान नम्र शिरले हर्षाश्रुको साथमा ॥५१॥

देखे इन्द्र हतास शंकित छिटै सोध्छन् दयाले शिव ।
के चिन्ता छ र आज यो समयमा आयौ तिमी सत्वर ॥
भन्छन् इन्द्र समुद्रबाट त सुधा निक्ल्यो लिए दैत्यले ।
खोज्दा खोस्न ढलेर पोखिवन गयो द्यौघाटमा हुन्छ के ? ॥५२॥

लौ जाऊँ हिड आउनेछु अहिले कुन् ठाउँमा पोखियो ।
लागे इन्द्र अगाडि शम्भु पछि नै त्यै ठाउँमा पुग्नुभो ॥
भन्छन् शङ्कर शोक छोड म यहीं बस्नेछु साक्षात् अब ।
पूजा गर्नु सदैव जान नसके कैलाश दोस्रो स्थल ॥५३॥

यस्तो सुन्छु म के जनश्रुति यहाँ शास्त्रीय हो कल्पना ।
भन्छन् पण्डित शास्त्रविज्ञ कति छन् आयो यही सम्झना ॥
आस्थाले जल फूल अर्पण गरे रुद्री गरेमा अझ ।
इच्छा पूर्ण हुनेछ भित्र मनको त्यो भोग औ सम्पद ॥५४॥

त्यस्तो मन्दिरमा सुपूजन गरी गर्ने सधैं साधना ।
वेणी स्नान गरेर मस्त तटमा सन्ध्या गरी तर्पण ॥
गायत्री जप अर्घ्य अर्पण गरी श्रीसूर्यमा दिन्दिन ।
वेणीको जलमा खराउ पदमा लाएर तर्ने झन ॥५५॥

वेणी पश्चिम सूर्यकुण्ड तटमा उक्लेर बाबा सधैँ ।
बस्ने ध्यान गरेर रूप रविको पुण्यात्म देख्छन् अझै ॥
वर्षामा सरि अन्य मौसम सुखा होस् एकनासै जल ।
त्यस्तो कुण्ड छ दिव्य बुझ्छ कसले ओझेलमा आज छ ॥५६॥

सच्चा धार्मिक भावना अति थियो सत्कर्मको पालन ।
चौतारी वर वृक्ष पीपलहरू रोपे त हुर्काउन ॥
आफ्नो आश्रम वाटिका वरिपरी बेली चमेली जति ।
लिच्ची आँप र जामुना कटरको वृक्षादि नै थे अति ॥५७॥

हाम्रो धर्म परम्परा र गरिमा अध्यात्म संवाहक ।
आत्मा शक्ति अपार दिन्छ जसले द्यौघाट धर्मस्थल ॥
चारैतर्फ पहाड छन् विपिन छन् सौन्दर्य यो संगम ।
राम्रा मन्दिर शैव शाक्त हरिका स्वर्गीय दिव्याङ्गण ॥५८॥

काली कल्कल बग्दछिन् बगरमा अर्की त्रिशूली नदी ।
वेणी संगम शान्त सुन्दर अहा ! संसार संतारिणी ॥
हावा शीतल हेर दिव्य छ जहाँ आनन्द वर्षाउने ।
सीता राम महेश जप्छ जनले हे कृष्ण राधा भनी॥५९॥

आफ्नो जीवन धन्य बन्दछ भनी घ्यौघाटमा बस्दछन् ।
सारा झन्झट मुक्त भै जनहरू अध्यात्ममा रम्दछन् ॥
योगारूढ अझै त्रिपुण्ड शिरमा क्वै ऊर्ध्वपुण्डी बनी ।
माला गोमुख हातमा छ पथमा जप्छन् सधैं दिन्भरि ॥६०॥

शालिग्राम सुवर्णगर्भित यहीं घ्यौघाटमा मिल्दछ ।
सीताको र वशिष्ठको पनि गुफा छन् चक्रवर्तीश्वर ॥
आए साधु र भक्त ती समयमा यैं बस्नुपर्ला भनी ।
स्वर्गैतुल्य छ यो गलेश्वर जहाँ विश्राम लिन्छन् मुनि ॥६१॥

गर्छन् स्नान प्रसन्न देवगण ती आएर द्यौघाटमा ।
शालिग्राम सुवर्णगर्भित शिला भेटिन्छ कालीमहाँ ॥
पर्ला देह मरेर तीर्थ जलमा वैकुण्ठ वा स्वर्गमा ।
जन्मै हुन्न विमुक्त साधु जनले भन्छन् पुराणादिमा ॥६२॥

श्रद्धा भाव लिएर घुम्छ जसले गर्लान् अझै दर्शन ।
आफ्नो जीवन कालका कलुष ती विध्वस्त होलान् झन ॥
छैनन् कैँ पनि देवघाट सरिका के भारती तीर्थ लौ ।
बस्छन् ती शिव विष्णु योगतपले हामी सबै धन्य छौं ॥६३॥

धेरै पूर्व मुकुन्दशेन तपसी राजा यहीं बस्दथे ।
ती राजर्षि महर्षि शान्त मनले आराधना गर्दथे ॥
पानीको भर कन्दमूल कहिले खान्थे खरानी घसी ।
बस्थे शान्त तपस्थली वरिपरी सत्कर्ममा नै रही ॥६४॥

बोटे ब्राह्मण वानप्रस्थ कति छन् यो तीर्थ द्यौघाटमा ।
बस्थे गाउ समीप काठ खरका छाप्रा रची माझमा ॥
जो योगी परिव्राट् गलेश्वर उनै ती ईश्वरानन्दजी ।
म्याग्दीबाट यहीं तपोवन भनी आए उनै सन्तजी ॥६५॥

हाम्रो संस्कृति सभ्यता र गरिमा ओझेलमा पर्छ कि ?
हाम्रा पूर्वजको स्वआर्जित धरा बेकारमा गुम्छ कि ?
भन्ने आशयले गलेश्वर भनी यो वेद वेदाङ्गको ।
संस्था स्थापित भो गलेश्वर वहाँ बाबा यहीं बस्नुभो ॥६६॥

योगाभ्यास त्रिकाल मन्त्र विधिले होमादि औ तर्पण ।
गर्दै कन्द र मूल भोजन सधैं मध्याह्नमा हर्दिन ॥
गर्ने निर्जन शान्त यो विपिनमा रम्ने बनी केसरी ।
कैले सर्प अजिङ्गरै त कहिले हात्ती अनेकौं थरि ॥६७॥

जान्थे भेट्न भनी लिएर जनता केरा दही गोरस ।
बाबा खानु हवस् प्रहर्षित भई दिन्थे सबै सादर ॥
देख्दा झल्मल यो मुहार गुरुका सुन्थे कथा ज्ञानका ।
खोक्दै आउनु नत्र वन्य पशुको आकारमा मै हुँला ॥६८॥

भन्थे छात्र मिलेर चामल सिदा क्यै छैन भण्डारमा ।
बाबा तेल जिरा हिजै सकिगयो के खाउँला साँझमा ॥
आऊ बाबु म दिन्छु हेर रुपियाँ ल्याओ किनी चामल ।
भन्दै भस्म हटाइ खोस्रनुभयो निक्ल्यो असर्फी तब ॥६९॥

त्यागी गेह समाज राष्ट्रहितमा अर्पी निजी जीवन ।
त्यो प्राचीन सुधर्म संस्कृति बचोस् भन्ने शुभेच्छाकन ॥
लाग्दै त्यो दिनरात साधन गरी शिक्षा बचाऔं भनी ।
संस्था स्थापित गर्नुभो वटुहरू पढ्थे सधैं दिन्भरि ॥७०॥

राम्रा वृक्षलता निकुञ्ज वनका सौन्दर्यले झक्मक ।
योगीले बुझ रोज्नुभो हृदयले जो देवघाटै अब ॥
शालिग्राम धरा त्रिशूल निसृता दोभानले शोभित ।
यो तीर्थ स्थलतुल्य छैन नरको सायुज्य मुक्तिप्रद ॥७१॥

बीसै साल हजार दूइतिरमा बाबा यहीं पाल्नुभो ।
संवत् विक्रम तेइसै पुसमहाँ विद्यालयै खोल्नुभो ॥
हो प्राचीन यहीं थिएन अरुता पैलो पुरानो पनि ।
गुञ्जिन्थ्यो ध्वनि वेदका प्रखरले राती उषामा अनि ॥७२॥

आए भक्त कुनै विपत्ति घरमा छोरो बिरामी थियो ।
कल्कत्ता कति दूर हो हृदयको धोको सबै पूर्ण भो ॥
ढोगी पाउ परेर रुन्छ बिचरो छोरो निको होस् छिटै ।
आशीर्वाद दिलाउनोस् हजुरले संकष्ट छुट्लान् सबै ॥७३॥

सारा औषधि खान्छ तैपनि निको देखिन्न चाला अब ।
काहाँ जाउँ म के गरौं हजुरले भन्नोस् सबै सर्सर ॥
चिम्टीबाट झिकेर भस्म गुरुले यै ओखती हो घर ।
जाऊ हुन्छ छिटै निको वचनले भन्दा भए सुस्थिर ॥७४॥

सन्चो भो पछि सेठले अगणितै भारू चढायो सब ।
पौने लाख थियो किने दुइ विघा त्यो धान खेतै जब ॥
ऐलेसम्म छ खेत कीर्ति उसले राख्यो कुरा गर्दछन् ।
यस्तो दैविक शक्ति सिद्धि गुरुमा आश्चर्य हो भन्दछन् ॥७५॥

अर्का भक्त सिकौं सुयोग गुरुजी भन्दै त्यहीं सर्सर ।
आए हुन्छ म भन्छु बस्छु जसरी पद्मासनैमा बस ॥
चिम्ली नेत्र बसे सबै नियमले बाबासँगै साथमा ।
घण्टा भो दश आत्तिए सब उठी पैले हिँडेछन् कहाँ ? ॥७६॥

बाबा झट्ट समाधिबाट जब नै उठ्दा न कोही थिए।
वेणी संगमको बसेर तटमा हेर्दा सबै ती गए॥
घण्टौंसम्म सधैं बसेर कति हो पद्मासनैमा तप।
गर्ने योग न सक्छ अन्य जनले अष्टाङ्गको हो फल॥७७॥

म्याग्दी मन्दिरमा छ पुस्तक अहो त्यो सार गीता अझ।
योगी निर्मित पाँच एक सयको भावार्थको संस्कृत॥
प्राणायाम र अन्यको प्रणवको ईडादि नाडीतक।
व्याख्या विक्रम बीससाल अघिको वैशाखको पाँच छ॥७८॥

अर्का भक्त थिए त्यसै समयमा ती वीरबाहादुर।
ल्याऊ दूध किनेर झट्ट अहिले भन्दा हिँडेछन् तर॥
पाएनन् बिचरा उसै नजिकमा बाल्टीन रित्तो गरी।
ब्रह्मा विष्णु महेशमात्र मुनिको देखे शरीरैभरी॥७९॥

आँखाबाट झरेर अश्रुजलले छाती भिजेको थियो।
बाबाले सब देख्नुभो हृदयको सद्भावना भक्तको॥
मायाले पनि भन्नु भो अब तिमी सच्चा थियौ शिष्य लौ।
तस्मात् दर्शन दिव्यता हुन गयो आनन्दमा मग्न छौ॥८०॥

अर्को शक्ति उपासना त गुरुको थ्यो अन्नपूर्णा पनि।
भन्छन् त्यो दश मात्रको सय जना खाना त खान्थे अनि॥
जो जो नै जति खान आउँछु भनून् खाएर टन्नै जब।
जान्थे दङ्ग परेर सिद्धि गरिमा देख्थे सबै मानव॥८१॥

बाबाको हठ योगमा सफलता थ्यो ब्रह्मचर्यै व्रत।
बाँचे योग गरेर दीर्घ समयै भन्छन् सबै दर्शक॥
लक्ष्मीनन्दन शिष्य हुन् प्रिय गुणी सन्यास बाबापछि।
यो सञ्चालन गर्नु आश्रम थियो कर्तव्य ठान्थे कति॥८२॥

सन्यासी गुरु आशुतोष सबका सच्चा थिए साधक ।
बाबाको गरिमा बचाउनुभयो धूनी कुटी थे सब ॥
उस्तै थ्यो अवशेष आश्रम भरी छन् त्यैं कतै वा गुरु ।
श्रद्धालु प्रतिभावना हुन गयो संरक्षितै हुन् अरु ॥८३॥

बाबाको कुटिया खराउ अघिका बस्ने थलो थ्यो कहीं ।
चिम्टा त्यो अरु विस्तरा र मुजुरा बाजा सबै खैंजडी ॥
पानीपात्र थियो कमण्डलु कहाँ पढ्ने कहाँ पुस्तक ।
होऊन् आश्रमनेर संग्रह सधैं बुझ्नेहरूको मत ॥८४॥

विद्यार्थी-गणका निमित्त गुरुले त्यो धर्मशाला रची ।
तल्ला एक थियो बसे उपर नै पढ्थे हलैमा बसी ॥
भऱ्याङ् बाहिरबाट काठ पटरी छापेर सिङ्गो घर ।
ज्यादै सुन्दर भन्दछन् समयको ठूलो थियो आखिर ॥८५॥

पीठाधीश परंपरा रहन गो ती ईश्वरानन्दजी ।
दोस्रो शिष्य त आशुतोष परमानन्दै क्रमैले पछि ॥
रामानन्द सुनिन्छ के कति भए सञ्चालकै जान्नु छ ।
आत्मानन्द सुसिद्ध सन्त गुरु नै आएर समृद्ध छ ॥८६॥

प्राचार्यै पनि थे भनौं धनपती अर्का थिए केशव ।
वेदाचार्य भए त चन्द्रमणिजी हुन् वामदेवै अझ ॥
साप्कोटा हरिजी र कृष्णहरि हुन् नारायणै सज्जन ।
अर्का माधव पद्मपाणि गुरु हुन् आनन्द औ अर्जुन ॥८७॥

आफ्नो चञ्चल चित्त भो यदि भने रुद्री पढेरै अनि ।
बस्ने शंकर साधना जप गरी ध्यानादि गर्ने अनि ॥
बाबाको मुखकान्तिको चमकले आश्चर्य मान्थे जन ।
प्राणीमा समदृष्टि राख्नु गुरुको वैशिष्ट्य अर्को झन ॥८८॥

कोही भक्त जुटून् धनी गरिब नै जो वृद्ध होस् बाल होस् ।
एकै नाश भयो कृपा र करुणा भन्थे यही बुझ्नुहोस् ॥
गर्ने योग सधैँ दिवा र रजनी पद्मासनैमा खडा ।
कैल्यै सुत्नु भएन जागृत रही जप्दै बसे सर्वदा ॥८९॥

यो ब्रह्माण्ड अनादि काल अघिको त्यै ब्रह्मबाटै तर ।
सारा लीन हुनेछ छैन रहने त्यै ब्रह्ममा तल्लय ॥
आफ्नो आफुबिना न हुन्छ अरु नै यो सृष्टिको रीत छ ।
माया मोह नराख्नु ईश्वर उही माता पिता बन्धु छ ॥९०॥

एक्लो जन्मनु मर्नु पर्छ जनले ल्यायौ न लान्छौ धन ।
त्यो प्रारब्ध जुटाइदिन्छ बिचमा छोरा र पत्नी जन ॥
गीतासार पढेर जान अहिले मेरो रमायो मन ।
मेरो संगतिले सिकाउन सके साकार भो जीवन ॥९१॥

राजा सेठ धनी बसे महलमा भोगे सबै सम्पद ।
पृथ्वीका सब चक्रवर्तिहरुको स्वर्गादिको वैभव ॥
कोही तुष्ट भएन आखिर यहाँ ती वन्य आहार ली ।
योगी भेष गरेर शान्ति हुन गो हो साधना सम्पति ॥९२॥

त्यो वर्णाश्रममा सके गर तिमी ती साधना वास्तव ।
क्षेत्री ब्राह्मण वैश्य शूद्र सबको साझा त हुन् ईश्वर ॥
शास्त्राचार न छोड्नु मानव भई मेरो यही कामना ।
एकै हुन् बुझ भेद छैन जनमा भो भिन्नता कर्ममा ॥९३॥

यस्तै ज्ञान सिकाउने जति पुगून् आस्था हुने भक्तमा ।
बाबाको उपदेश भित्र मनले लिन्थे सबै सारमा ॥
आफ्नो प्राण छ धर्म संस्कृति भनी गर्ने सबै पालना ।
को जन्मिन्छ यहाँ सुसिद्ध तपसी चर्चा हुने संघमा ॥९४॥

हक्की हुन् स्वर उच्चता पनि थियो आश्चर्य मान्थे कति ।
दोम्रोपल्ट पुगे भने निडर भै बस्थे सँगै मस्त ती ॥
पीडा ध्वस्त गराउने वचनले चिन्थे सबै को कहाँ ।
आए फेरि सयौँ पछाडि दिनमा हुन्थे खुसी साथमा ॥९५॥

पर्यायै अब भो गलेश्वर सुने द्यौघाट नै बुझ्दछन् ।
मेची पूर्व सुदूरपश्चिम जहाँ सम्मानले झुक्दछन् ॥
ठूला सिद्ध महर्षि धार्मिक उनी अष्टाङ्गका साधक ।
ध्यानी सिद्ध थिए गलेश्वर अहो आराध्य दिग्दर्शक ॥९६॥

बाबा सन्त समाजका विभव हुन् नेपालका प्राण हुन् ।
योगी हुन् तपसी विभूति पनि हुन् अध्यात्मका पुञ्ज हुन् ॥
निष्ठावान् निजधर्ममा अटल ती संसारका तारक ।
आत्माराम उदार चित्तविजयी कर्तव्यका पालक ॥९७॥

बाबाको अवसान बत्तिस शरद् द्यौघाट यो तीर्थमा ।
ज्यादै दैव कठोर आज किन भो भन्थे रुँदै घाटमा ॥
गुम्यो धड्कन देशको निरस भो झर्ना हिमाली जब ।
योगी पुत्र गुमेर नै प्रकृतिमा वैषम्यले व्याप्त छ ॥९८॥

रुन्थे वानर सिंह भालु वनका हात्ती चरा कोकिल ।
माया को अब गर्छ ? साधुमनले योगी बिलाए जब ॥
खोज्थे जंगल माझमा वरिपरी दौडी उठाई शिर ।
छाया चित्र यदाकदा विपिनमा देख्दा भए सुस्थिर ॥९९॥

मान्छे वन्यमृगादि हेर कति हुन् पंक्षी लता पादप ।
चिन्ता व्याकुल छन् अधैर्य अब ता बाबा दिनोस् साहस ॥
लाग्छौं धेर हजूरका पथमहाँ संस्कारका खातिर ।
भुल्दैनौं दिनरात भित्र मनले सम्झेर बस्छौं सब ॥१००॥

प्रणाम शिरले गर्छु गलेश्वर गुरुप्रति ।
जति जानें बुझें लेखें क्षमाप्रार्थी भए त्रुटि ॥

दुर्गा अधिकारी (दिव्यानन्द सरस्वती) जो गलेश्वर बाबालाई राम्रोसँग जान्नहुन्छ, उहाँको भनाइअनसार:

गलेश्वर बाबालाई १९८५ सालमा अन्नपूर्णा र माच्छापुच्छ्रेको बीचमा रहेको पोखराको हिप्ली भन्ने ठाउँमा पहिलो पटक विश्वामित्र दुङ्गानाले भेटेको र पछि हराउनुभयो पुनः म्याग्दीमा दुङ्गामाथि बसिरहनुभएको मुक्तिनाथ जानेले देखे। सौराष्ट्रका दिव्यचैतन्य ब्रह्मचारीलाई २०१३ मा गलेश्वर आश्रम छाडेर आएको जाउ भनेर बाबाले २०१७ सालमा भन्नुभयो। २०२१ साल माघ २ गते अन्तिम पटक बाबा देवघाट आउनुभयो। दुर्गा अधिकारी (दिव्यानन्द सरस्वती) जीको भनाइ अनुसार काइली माई, कान्छी, पाङ्दूनी आमा, दुर्गा अधिकारी, आऊँदा २०१७ बाबा नुहाउन जानुभएको रहेछ। औंसी पछि परेवामा आयौ तैपनि औंसी नुहाएको फल पाउँछौ बाबाले भन्नुभयो। काठमाण्डौका माडवारी आएर ब्रह्मचारी दिव्यचैतन्यलाई थापाथली आश्रममा लैजान माग गरे र लगे पनि। पशुपति पारीपट्टी गएर आश्रम चलाउँदै ब्रह्मचारी त्यहीं बित्नुभयो। ब्रांह्मण बट्याऊ हिन्दु धर्म बचाउन संस्कृत पाठशाला खोल्नुपर्छ बाबाले भन्नुभयो। लम्जुङ्ग विचौरका तारा दवाडी, सच्चिदानन्द अधिकारी, होमनाथ ढकाल, लम्जुङ्गका विष्णु अधिारी, ऋषि गौतम र शिवनगरबाट गिरिधारी गरी ६ जना विद्यार्थी राखी २०२१ फागूपूर्णिमाको दिन विद्यालय सञ्चालन गर्नुभयो। २२ गते बर्मेली धनपति पण्डितजी लाई बोलाई (भूपति र रवि उनका छोरा हालसम्म छदैछन्) विधिवत् २०२३ सालबाट पाठशाला सञ्चालन भयो। बाबाले २०२४ सालमा केशव पण्डितलाई बोलाई पढाउन राख्नुभयो। २०२६ सालमा शिवनगरका बासुदेव पण्डितलाई बोलाई पढाउन लगाए त्यही सालमा चन्द्रमणि रेग्मी गैंडाकोटबाट आएर पढाउन थाले। त्यही समयमा माइली महारानी सरकारले पद्म पुराण लगाउनु भएको थियो। चन्द्रमणि रेग्मीले २०३१ सालबाट सरकारी तलब खाने गरी निरन्तर २०४१ सालसम्म पढाए।

२०२१ सालमा भक्तिनीहरूसँग नुहाउन जाँदा बाबा हराउनु भयो। गोही देखेको तर बाबा हुनुहुँदोरहेछ। बाबाले सिता गुफातिरबाट सानो मन्दिरको शिवलिङ्ग बोकेर एक्लै ल्याउनुभयो। गुरुङ्ग काइलोले बनाएको गेटबार सहितको टिनले छाएको काठेघर माथि विद्यार्थीहरू बस्ने र पढ्ने गर्दथे।

२०३२ पछि द्यौता बाबालाई करले पीठाधीश बनाइयो। त्यसपछि कस्केली ब्रह्मचारी(ब्राह्मण चूईथरका) र रामानन्द सरस्वतीले चारवर्ष चलाए। त्यसपछि स्वर्गद्वारीका नित्यानन्द गिरिले चलाए। म्याग्दीबाट दण्डी स्वामी आशुतोषानन्दलाई बोलाई २०४१ सालदेखि २०४६ सालसम्म ५ वर्ष उहाँले आश्रम चलाउनुभयो। दण्डी स्वामीको पालामा ब्रह्मपुरीको जग्गा किनेको हो। २०४६ सालदेखि २०५३ सालसम्म परमानन्द गुरुले र २०५४ देखि हाल सम्म स्वामी आत्मानन्द गिरिजीले आश्रम सञ्चालन गरिरहनुभएको छ।

गलेश्वर आश्रमद्वारा सञ्चालित कार्यक्रमहरू:

स्थायी अन्नक्षेत्रको सञ्चालन

ढेवघाट धर्मार्थ अस्पताल
निर्माण तथा सञ्चालन

वेद वेदाङ्ग (गुरुकुल)
विद्यालयको सञ्चालन

वृद्धाश्रम सञ्चालन

गौशाला सञ्चालन

एक चिनारी

नाम	: आनन्दप्रसाद नेपाल
जन्म मिति	: वि.स. २०३६ साल श्रावण १ गते
जन्म स्थान	: भिल्टुङ्ग-दुईपिपल-माझगाउँ, त्रिशूली, नुवाकोट
ठेगाना	: देवघाट गा.पा. ५, तनहुँ
पिताको नाम	: मुरलीप्रसाद नेपाल
माताको नाम	: रूद्रकुमारी(गोमा) नेपाल
शिक्षा	: आचार्य (इतिहास पुराण), वी.एड.
शिक्षण सेवा	: वेद वेदाङ्ग विद्यालय(२०६२ देखि हालसम्म), (२०६४ देखि २०७० सम्म प्राचार्य पदमा)
	: राधामाधव वैदिक गुरुकुल (प्राचार्य पदमा) (२०५५ देखि २०६४ सम्म)
प्रकाशित कृति	: रामगीता एवं वेदस्तुतिको छायानुवाद तथा विविध (२०७५ श्रावण)
	: मानव खण्डकाव्य (२०७५ भाद्र)
	: स्मृति शतक (सिद्धयोगी गलेश्वर बाबाको) (२०७५ भाद्र)
	: देवघाट परिचय प्रथम संस्करण (२०७५ कार्तिक)
	: देवघाट परिचय दोस्रो संस्करण (२०७५ मङ्सिर)
	: देवघाट परिचय तेस्रो संस्करण (२०७६ जेठ)
	: रमारमण खण्डकाव्य (झ्याउरे) (२०७६ श्रावण)
	: स्मृति शतक (सिद्धयोगी गलेश्वर बाबाको) (दोस्रो संस्करण २०७६)
प्रकाशोन्मुख कृति	: सन्त-जीवनी
	: आशौच निर्णय : औषधिसार
	: गोमहिमा : स्रष्टा र सृष्टि
	: समर्पण उपन्यास : आनन्द कथासङ्ग्रह
	: मानव धर्म : पद्मा खण्डकाव्य
लेखनोन्मुख	: आर्य महाकाव्य

फोन: ९८४५१९८११३